ネパール語

**रेडवा ८ वर्ष (सन २०२६) सेप्टेम्बर १ तारिखदेखि सुरु हुन्छ!**

**५ जना वा त्योभन्दा बढी विदेशी नागरिकले विदेशबाट उचुनोमिया सहरमा बसाइँ सर्दा,**

**पहिले नै दर्ता गर्न समय लिनुहोस्।**

५ जना वा त्योभन्दा बढी विदेशी नागरिकले उचुनोमिया सहरमा विदेशबाट बसाइँ सरेर आउने प्रक्रिया गर्दा, पहिले नै वेबमा रहेको 「विदेशी नागरिक समूहको विदेशबाट बसाइँसराइ आरक्षण(योयाकु) फारम」 बाट समय लिनुहोस्।

समय लिनका लागि, तपाईं आउने दिनभन्दा कम्तीमा ४ कार्यालय खुल्ने दिन अगाडि तल दिइएको QR कोडबाट आवेदन गर्नुहोस्।

(पछाडिको पृष्ठमा दिइएको जानकारी पनि पढ्नुहोस्।)

सूचना : आरक्षण(योयाकु) गर्नुभएकाहरूलाई प्राथमिकताका साथ सेवा दिइने भएकाले, आरक्षण नगरी आउनुभएमा काउन्टरमा लामो समय पर्खनुपर्ने हुन सक्छ।

← यहाँबाट आरक्षण(योयाकु) गर्नुहोस्




【सम्पर्क ठेगाना】

उचुनोमियासी आसाहि१-१-५

उचुनोमिया सिटि अफिस पहिलो तला सिमिनखा ज्युमिन ग्रुप

फोन : ०२८-६३२-२२७१

## जानकारी

## 【आरक्षण(योयाकु) गर्न सकिने दिनहरू】

● दिन: सोमबारदेखि शुक्रबारसम्म

(सोमबार जस्ता बिदापछिको दिनमा काउन्टरमा भीडभाड हुन्छ।)

● समय: बिहान ९ बजेदेखि साँझ ४ बजेसम्म

(मध्यान्ह १२ बजेदेखि दिउँसो १ बजेसम्मको बीचमा आरक्षण लिन सकिँदैन।)

● काउन्टर: दर्ता केवल उचुनोमिया सिटी हलको नागरिक विभाग (सिमिनखा, 市民課) मा मात्र

(क्षेत्रीय नागरिक केन्द्र वा शाखा कार्यालयहरूमा दर्ता गरिँदैन।)

## 【ध्यान दिनुपर्ने कुराहरू】

・कार्यालयमा आउँदा, कृपया निवास कार्ड (ज़ाइर्यु कार्ड, 在留カード) र राहदानी (यदि प्रवेश मितिको छाप छैन भने, प्रवेश पुष्टि गर्ने टिकट आदि) साथमा ल्याउनुहोस्।

・यदि कार्यालयमा आउने व्यक्ति प्रतिनिधि (एजेन्ट) हो भने, प्रतिनिधिको परिचय पुष्टि गर्ने कागजात र अख्तियारनामा (मूल व्यक्तिले लेखेको) पनि साथमा ल्याउनुहोस्।

・कार्यालयमा आइपुगेपछि, टिकट मेसिनबाट "सामूहिक स्वीकृति/दांताई उकेचुके (योयाकुज़ुमि, 予約済)" मेनुबाट नम्बर टोकन लिनुहोस्।